प.सं. च.नं. Ref:

मिति : २०७८/०४/२१

## प्रेस विज्ञप्ति

## नेपालको निर्वाचन इतिहास–२ तथा निर्वाचन प्रश्नोत्तर विमोचन

आज मिति २०७८ साल श्रावण २१ गते निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलिया तथा आयुक्तहरू इश्वरीप्रसाद पौड्याल, रामप्रसाद भण्डारी, जानकी कुमारी तुलाधर र सगुन शमशेर ज.ब.रा.ले आयोगबाट प्रकाशित भएको नेपालको निर्वाचन इतिहास–२ र निर्वाचन प्रश्नोत्तरको संयुक्त रुपमा विमोचन गर्नुभयो । उक्त कार्यक्रममा सम्वोधन गर्नुहुँदै प्रमुख निर्वाचन आयुक्तले दुवै प्रकाशनहरू आयोगका ऐतिहासिक दस्तावेज भएको बताउनु भयो । निर्वाचन सम्वन्धी विषयका अध्येता, शिक्षक, विद्यार्थी, अनुसन्धानकर्ता, संघसंस्था, आमनागरिक लगायत निर्वाचनका सबै सरोकारवालाका लागि यी प्रकाशनहरू वहुउपयोगी हुने विश्वास व्यक्त गर्नुभयो । निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निश्पक्ष, विश्वसनीय एवम् मितव्ययी वनाउन निर्वाचनसँग सम्बन्धित विषयहरूमा आम नागरिक लगायत सरोकारवालाहरूलाई जानकारी एवम् सुसूचित गराउनु निर्वाचन आयोगको दायित्व भएको बताउनु भयो ।

नेपालको निर्वाचन इतिहास–२ पुस्तकमा वि.सं २०७४ सालमा सम्पन्न भएका स्थानीय तह, प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य, राष्ट्रिय सभा सदस्य, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनका साथै वि.सं २०७६ सालमा सम्पन्न सबै तहका उपनिर्वाचन लगायतका विषयहरू समेटिएका छन् । यस पुस्तकमा ९ वटा खण्ड र ७७ वटा परिशिष्ट रहेका छन् । यसमा निर्वाचन सम्बन्धी कानूनी व्यवस्था, निर्वाचनसँग सम्बन्धित ऐन/कानून, निर्वाचनमा जनशक्ति व्यवस्थापन, तालिम, निर्वाचन पर्यवेक्षण, सूचना प्रविधि एवम् प्रणाली व्यवस्थापन, निर्वाचन विवाद र त्यसको निरुपण जस्ता पक्षहरू समावेश गरिएका छन् ।

निर्वाचन सञ्चालन तथा व्यवस्थापन एवम् निर्वाचन आयोगसँग सम्बन्धित विभिन्न प्रश्न र तिनका उत्तरहरू समावेश गरिएको निर्वाचन प्रश्नोत्तरमा १० वटा परिच्छेद अन्तर्गत जम्मा ६८० वटा प्रश्न र तिनका उत्तर समावेश गरिएको छ । यसमा निर्वाचन इतिहास, लोकतन्त्र, निर्वाचन र निर्वाचन प्रणाली, संविधान, निर्वाचन कानून र निर्वाचन विवाद निरुपण, निर्वाचन आयोग, राजनीतिक दल दर्ता र नियमन, मतदाता दर्ता, मतदाता नामावली र मतदान परिचयपत्र, निर्वाचन व्यवस्थापन, राजनीतिक वित्त र निर्वाचन खर्च, निर्वाचनमा प्रविधि र आमसञ्चार लगायत निर्वाचनका विविध पक्षहरू समावेश छन् ।

सह सचिव


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

प.सं. च.नं. Ref:

कार्यक्रममा आयोगका सचिव श्री सुरेश अधिकारीले उल्लेखित पुस्तकहरूमा भएका विषयका सन्दर्भमा संक्षिप्त प्रस्तुतिकरण गर्नुभयो । आयोगमा भौतिक उपस्थिति तथा भर्चुअल माध्यमबाट आयोजित उक्त कार्यक्रममा निर्वाचन आयुक्त डा. जानकी कुमारी तुलाधरले स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नु भयो । कार्यक्रममा विभिन्न संवैधानिक आयोग र नेपाल सरकारका मन्त्रालयका प्रतिनिधिहरू, कुटनीतिक नियोगका प्रतिनिधिहरू, विकास साझेदार संस्था UNDP/ESP लगायत संस्थाका प्रतिनिधिहरू, आयोगको सचिवालयका कर्मचारीहरू, सञ्चारकर्मी तथा निर्वाचनका सरोकारवाला समेतको उपस्थिति रहेको थियो ।

निर्वाचन आयोग नेपाल २०२३

०८८।४।२९

(राजकुमार श्रेष्ठ)
सहसचिव एवम् प्रवक्ता


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np